जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक १४७ | २०८२ साल पौष २७ गते आईतवार | Sunday-11-January-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## दक्षिण झिटकैया स्थित आमवा नाका तस्करीको केन्द्र बन्दै

***शु.आ. सम्बाददाता***
***रौतहट, २६ पौष***

दक्षिण झिटकैया क्षेत्रमा रहेको आमवा नाका अहिले तस्करी गर्ने समूहहरूको रोजाइको केन्द्र बन्दै गएको छ । यसअघि गुम्म मटिअर्वा नाकामा सुरक्षा कडा भएपछि तस्करहरूले वैकल्पिक मार्गको रूपमा आमवा नाकालाई रोज्न थालेका हुन् ।



स्थानीय सुरक्षा निकाय र सशस्त्र प्रहरीका अनुसार, गुम्म मटिअर्वा नाकामा प्रस्तावित सिमा सुरक्षा कडा भएपछि सीमा पारबाट हुने अवैध व्यापारमा नियन्त्रण बढेको छ। यसले गर्दा तस्करी गर्नेहरू अब दक्षिण झिटकैया स्थित आमवा नाकाबाट आफ्नो कारोबार सञ्चालन गर्न थालेका छन् ।

सिमापारी अवैध गतिविधि रोक्न निगरानी र सुरक्षा व्यवस्थामा सुधार आए पनि स्थानीय प्रहरी र सशस्त्र प्रहरीको भनाइ अनुसार आमवा नाकामा अवैध क्रियाकलाप रोक्न थप निगरानी आवश्यक छ । "सिमामा निगरानी कडा भइसके पनि अवैध कारोबार पूर्ण रूपमा रोक्न स्थायी सुरक्षा र स्थानीय समुदायको सक्रिय सहभागिता अनिवार्य छ," सुरक्षा विशेषज्ञहरूले बताएका छन् ।

स्थानीय बासिन्दा र व्यापारीहरूका अनुसार आमवा नाकाको प्रयोग बढेपछि तस्करीका सामानहरू प्रायः राति र अवैध मार्गबाट प्रवेश गराइन्छ । यसले स्थानीय जनजीवनमा पनि प्रभाव पर्न थालेको छ । सुरक्षा निकायहरूले तस्करी नियन्त्रणको लागि साझा अभियान सञ्चालन गर्ने योजना अघि बढाएको जनाएका छन् ।

सुरक्षा अधिकारीहरूले चेतावनी दिएका छन् कि आमवा नाकामा अवैध क्रियाकलाप बढेमा थप कडा कदम चालिनेछ। यसै क्रममा, सिमापारिको निगरानी प्रणाली सुधार, प्रहरी गस्ती बढाउने र समुदायसँग सहकार्य गरी अवैध गतिविधि नियन्त्रण गर्ने रणनीति लागू गर्ने तयारी भइरहेको छ ।

## रौतहटमा डोटिएम परिसंघको भेला सम्पन्नः पहिचान र अधिकारका लागि संगठनात्मक सशक्तीकरणमा जोड

***शु. आ. सम्बाददाता***
***रौतहट, २६ पौष***

जनता समाजवादी पार्टी नेपाल रौतहट जिल्ला समितिको विस्तारित बैठक तथा डोटिएम परिसंघको जिल्ला स्तरीय भेला एवं बृहत् अन्तरक्रिया कार्यक्रम शनिबार सदरमुकाम गौरमा भव्यताका साथ सम्पन्न भएको छ ।




दलित, पिछडावर्ग, थारु, आदिवासी जनजाति तथा अल्पसंख्यक समुदायको हक-अधिकार सुनिश्चित गर्दै उनीहरूलाई राजनीतिक र सामाजिक रूपमा सशक्त बनाउने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको हो । गौरस्थित श्री राम जानकी धर्मशालामा आयोजित यस कार्यक्रमको अध्यक्षता जसपा नेपालका नेता चन्देश्वर पासवानले गरेका थिए ।

कार्यक्रमका मुख्य अतिथि एवं जसपा नेपालका राष्ट्रिय अध्यक्ष माननीय उपेन्द्र यादवले सम्बोधन गर्दै नेपालमा अझै पनि सीमान्तकृत समुदायले पूर्ण अधिकार नपाएको उल्लेख गरेका हुन् । उनले भन्ने, "जबसम्म दलित, थारु, अल्पसंख्यक र उत्पीडित वर्गको राज्यका हरेक संयन्त्रमा समान पहुँच हुँदैन, तबसम्म वास्तविक लोकतन्त्रको अनुभूति हुन सक्दैन ।"

अध्यक्ष यादवले **DOTIM -Dalit, Oppressed, Tharu, Indigenous, and Minority** परिसंघको गठन नै यी समुदायलाई संगठित गरी उनीहरूको मुद्दालाई राष्ट्रिय राजनीतिमा स्थापित गर्नका लागि गरिएको स्पष्ट पारे । उनले आगामी निर्वाचन र राजनीतिक आन्दोलनका लागि कार्यकर्ताहरूलाई गाउँ-गाउँसम्म पुगेर संगठन निर्माणमा जुट्न निर्देशन समेत दिए ।

साङ्गठनिक सशक्तीकरण: जिल्लाभरका पार्टी कार्यकर्ता र विभिन्न समुदायका प्रतिनिधिहरूलाई पार्टीको नीति र भावी कार्यदिशाबारे प्रशिक्षण दिइएको, दलित तथा अल्पसंख्यकमाथि हुने विभेद अन्त्यका लागि सामाजिक जागरण र कानुनी लडाइँलाई सँगसँगै लैजाने निर्णय, कार्यक्रममा जसपा नेपालका केन्द्रीय तथा प्रदेश स्तरीय नेताहरू, जिल्लाका विभिन्न तहका पदाधिकारीहरू र ठूलो संख्यामा स्थानीय जनसमुदायको सहभागिता रहेको थियो ।

कार्यक्रममा उपस्थित सहभागीहरूले स्थानीय तहमा भोग्नुपरेका समस्या र अल्पसंख्यक समुदायका युवाहरूलाई नेतृत्व तहमा पुर्‍याउन चाल्नुपर्ने कदमबारे अध्यक्ष यादवसँग जिज्ञासा राखेका थिए । अध्यक्ष यादवले जसपा नेपाल सधैं पहिचान र संघीयताको पक्षमा अडिग रहेको भन्दै उत्पीडित वर्गको उत्थान नै पार्टीको मूल मन्त्र रहेको बताए ।

कार्यक्रमको समापन गर्दै अध्यक्ष चन्देश्वर पासवानले रौतहटमा पार्टीको आधार थप मजबुत भएको र आगामी दिनमा 'डोटिम' मार्फत हरेक वडामा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरे । जसपा नेपालले हालै देशभर 'जनतासँग जसपा' अभियान अन्तर्गत साङ्गठनिक पुनर्गठन र प्रशिक्षण कार्यक्रमहरूलाई तीव्रता दिँदै आएको छ ।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

## नेपाल दलित संघर्ष समिति बाराको जिल्ला स्तरीय भेला सम्पन्न

***उपेन्द्र पासवान***
***कलैया, २६ पौष***

नेपाल दलित संघर्ष समिति बारा द्वारा आयोजित जिल्ला स्तरीय भेला शनिबार कलैयामा सम्पन्न भएको छ । भेलाको अध्यक्षता नेपाल दलित संघर्ष समिति बारा का अध्यक्ष शिवदयाल पासवानले गर्नुभएको थियो । भेलामा अमिर नेटुईन, शर्मा बैठा, रामशरण पासवान, देवलाल पासवान, राजदेव पासवान, रघुनाथ दास, सुदन दास, भदै राम, महेश विश्वकर्मालगायत दलित समुदायका अगुवा, युवा नेता तथा सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।




भेलालाई सम्बोधन गर्दै दलित युवा नेता तथा नेपाल दलित संघर्ष समिति बारा का सह-संयोजक तेजनारायण रामले देशमा भएका हरेक परिवर्तनकारी आन्दोलनमा दलित समुदायको ऐतिहासिक र प्रशंसनीय भूमिका रहेको बताउनुभयो। माओवादी विद्रोह, जनआन्दोलन तथा मधेश आन्दोलनमा दलित समुदाय अग्रपंक्तिमा रहेर संघर्ष गरे पनि आजसम्म मनुवादी तथा बाहुनवादी सोचका कारण दलित समुदाय विभिन्न प्रकारका अन्याय र पीडाबाट मुक्त हुन नसकेको उहाँको भनाइ थियो ।

उहाँले दलित समुदाय सामाजिक बहिष्कारको सिकार भइरहेको, चेलीबेटीमाथि बलात्कार जस्ता जघन्य घटनाहरू भइरहेकाले समुदाय थप पीडित बन्नुपरेको यथार्थ प्रस्तुत गर्नुभयो । साथै आफ्ना हक, अधिकार र न्यायका लागि आवाज उठाउँदा दलित युवाहरू कुटपिट, दमन र अपमानित जीवन जिउन बाध्य बनाइएको अवस्था रहेको पनि उल्लेख गर्नुभयो ।

सह-संयोजक रामले अब दलित समुदाय कुनै पनि किसिमको लोभ-लालचमा नपरी दारु-मासु जस्ता प्रलोभन अस्वीकार गर्दै आफ्नो हक, हित र अधिकारको संरक्षण गर्ने नेता र राजनीतिक शक्तिलाई एकजुट भएर समर्थन गर्नुपर्नेमा जोड दिनुभयो ।

भेलाले आगामी कार्यक्रमहरू समेत तय गरेको छ । निर्णयअनुसार नेपाल दलित संघर्ष समिति बारा को आयोजनामा कलैया उपमहानगरपालिकास्तरीय नगर भेला मिति २०८२ साल माघ १० गते शनिबार आयोजना गरिनेछ। त्यसैगरी पचरौता नगर समितिको नगर भेला मिति २०८२ साल माघ ३ गते शनिबार गर्ने निर्णय पनि भेलाले गरेको छ ।

भेलाले दलित समुदायको अधिकार, सम्मान र न्यायका लागि संगठित संघर्षलाई अझ सशक्त बनाउँदै अघि बढ्ने प्रतिबद्धतासहित कार्यक्रम समापन गरिएको थियो ।

## पर्सा-४ मा एमाले, जसपा र कांग्रेस नेताहरु रास्वपामा प्रवेश

***शु.आ. सम्बाददाता***
***पर्सा, २६ पौष***

पर्सा क्षेत्र नं. ४ अन्तर्गतका विभिन्न गाउँका नेकपा एमाले, नेपाली कांग्रेस, जसपा नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र सुशासन पार्टीका सयौं नेता तथा कार्यकर्ता राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) मा प्रवेश गरेका छन् ।



वीरगंजस्थित रोयल पार्टी प्यालेसमा सम्पन्न कार्यक्रममा जसपा नेपालबाट निर्वाचित कालिकामाई गाउँपालिका वडा नं. १ का वडाध्यक्ष लालबाबु चौरसिया, पूर्व गाविस अध्यक्ष नेजामुदिन मियाँ, पूर्व वडाध्यक्ष महादेव चौरसिया, नेपाली कांग्रेसका शिवशंकर प्रसाद चौरसिया, नरेन्द्र राय तिवारी, राजेन्द्र प्रसाद चौरसिया, राजु प्रसाद पटेल, राष्ट्रिय प्रजातन्त्र पार्टीका ललन ठाकुर र सुशासन पार्टीका लक्ष्मण महतो लगायतका नेताहरू रास्वपामा प्रवेश गरेका थिए ।

त्यसैगरी कालिकामाई गाउँपालिका वडानं. २ र ५ का एमाले, कांग्रेस र जसपाका दर्जनौं युवा नेताहरूले पनि रास्वपामा प्रवेश गरेका छन् ।

नवप्रवेशीहरूलाई रास्वपाका केन्द्रीय सदस्य नन्दन यादव, जिल्ला सभापति हरि पन्त, क्षेत्रीय सभापति जितेन्द्र मिश्र, जिल्ला उपसभापति तुल्सा पौडेल, नेता टेकबहादुर शाक्य, जिल्ला सचिव सुदिश प्रजापति र कोषाध्यक्ष दिलिप कुर्मीले अबिर र टीका लगाएर पार्टीमा स्वागत गरेका थिए ।

कार्यक्रममा सम्बोधन गर्दै जिल्ला सभापति हरि पन्तले यस प्रवेश कार्यक्रमले पर्सा-४ मा रास्वपा थप बलियो बनेको बताए ।

उनले आगामी फागुनमा हुने निर्वाचनमा रास्वपाका सबै उम्मेदवारलाई विजयी गराउन कार्यकर्तालाई सक्रिय हुन आग्रह गरे । क्षेत्रीय सभापति जितेन्द्र मिश्रले पर्सा-४ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार टेकबहादुर शाक्य रहेको जानकारी दिँदै निर्वाचनमा भारी बहुमतका साथ जिताउन सबैलाई आह्वान गरे ।

रास्वपा पर्सा क्षेत्र नं. ४ का सभापति जितेन्द्र मिश्रको सभापतित्वमा भएको कार्यक्रमको सहजिकरण कृष्ण पासवानले गरेका थिए ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

### बाराको बलिरामपुर र मुसहर्वा नाकाबाट तस्करी व्यापक, सशस्त्र प्रहरी प्रमुखको ध्यानाकर्षण

बाराको सीमाक्षेत्रमा रहेको बलिरामपुर र मुसहर्वा नाकाबाट अवैध तस्करी बढ्दो क्रममा रहेको छ । स्थानीय सुरक्षा निकायका अनुसार यी नाकामा मोटरसाइकल, मदिरा, कपडा, औषधि र अन्य घरेलु सामान तस्करी भइरहेको छ ।

सशस्त्र प्रहरीका प्रमुखले यस विषयमा गम्भीर ध्यान दिनुपर्ने बताएका छन् । उनका अनुसार, सीमामा सुरक्षा कडा गरिए पनि तस्करहरुले वैकल्पिक मार्ग र छिटो-छरितो प्रविधिको प्रयोग गरी आफ्नो अवैध गतिविधि निरन्तर जारी राखिरहेका छन् । स्थानीय प्रशासन र सुरक्षा निकायले बलिरामपुर र मुसहर्वा नाकामा निगरानी थप गर्दै, गोप्य गस्ती सञ्चालन गर्ने र अवैध कारोबार नियन्त्रणका लागि योजना अघि बढाएको जनाएको छ । प्रमुखले भने, "सिमा निगरानीलाई अझ प्रभावकारी बनाउनु, अवैध क्रियाकलाप रोक्न स्थानीय प्रहरी र सशस्त्र प्रहरीबीच समन्वय बढाउनु, र समुदायसँग सूचना आदान-प्रदानलाई नियमित बनाउनु अत्यावश्यक छ ।"

सुरक्षा अधिकारीहरुले भने कि तस्करी नियन्त्रणको लागि नाकामा प्राविधिक साधन, मोबाइल जाँच प्वाइन्ट र गस्ती टोलीहरुको संख्या बढाउने तयारी भइरहेको छ । यसबाहेक, स्थानीय व्यापारी र बासिन्दालाई पनि सीमा सुरक्षा र अवैध गतिविधि सम्बन्धी सचेत गराइरहेको जनाइएको छ ।

विशेषज्ञहरुको भनाइ अनुसार, बलिरामपुर र मुसहर्वा नाकामा प्रभावकारी निगरानी, सुरक्षा प्रणाली र स्थानीय समुदायको सहभागिता सुनिश्चित गरेमा तस्करी नियन्त्रणमा महत्वपूर्ण सुधार आउन सक्छ ।

स्थानीय प्रशासनले अब बलिरामपुर र मुसहर्वा नाकामा नियमित अनुगमन, सुरक्षा संयन्त्र सुद्धीकरण र तस्करी रोकथामका उपायहरु लागू गर्ने योजना अघि बढाउने जनाएको छ । यसबाट बाराको सीमाक्षेत्रमा अवैध गतिविधि नियन्त्रण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# राजनीतिक एकता कि ए... कता ?



सञ्जीव कार्की

जब सत्तामा पुग्छन्, तब राजनीतिक दल र नेताहरूको नैतिक विचलन सुरु भएको देखिन्छ ।

नयाँ र वैकल्पिक दलहरूबीच एकता : किन विगत असफल भयो ?

अब कस्तो 'रसायन' चाहिन्छ ?

नेपालको राजनीतिक इतिहास दलहरूको विभाजन, पुनर्एकीकरण र फेरि विघटनको शृंखलाले भरिएको छ । विशेषत : नयाँ र वैकल्पिक भनिने दलहरूबीच 'एकता'को नारा बारम्बार उठ्छ, तर व्यवहारमा ती एकता टिकाउ हुन सकेका छैनन् । प्रश्न अब केवल एकता गर्ने कि नगर्ने होइन, प्रश्न हो । कस्तो आधारमा एकता गर्ने ? हतारमा एकता घोषणा गरेर कतै एकता दुर्घटनामा त पर्दैन ? भर्खरै एकता प्रक्रियामा गएका रास्वपा उज्यालो नेपाल र बालेन समूहले अपनाउनुपर्ने केही व्यावहारिक, संस्कारजन्य र सैद्धान्तिक उपायहरूबारे आजको विमर्श केन्द्रित छ ।

विगतमा दलहरूको एकता किन टिक्न सकेन ?

विगतका एकताहरू असफल हुनुका मुख्य कारण भनेका संरचनागत, वैचारिक, व्यावहारिक र संस्कारगत खोटहरू हुन् । एकता आफ्ना लागि, सानो स्वार्थ समूहका लागि कि देशका लागि मूल प्रश्न यही हो । सत्ता-केन्द्रित एकता अधिकांश एकता निर्वाचन गणित, संसद्को अंकगणित वा सरकारमा पुग्ने सर्टकटका लागि गरिए । सत्ता साझा गर्ने सहमति भयो, तर विचार साझा गर्ने श्रम गरिएन ।

वैचारिक अस्पष्टता- एकीकृत दलभित्र समाजवाद, उदारवाद, राष्ट्रवाद, क्रान्ति र सुधार सबै मिसिए तर कुन मूल दर्शन हो भन्ने स्पष्ट भएन । परिणामत : संकट पर्दा निर्णय लिने साझा बिन्दु रहेन । फरक फरक धार र 'स्कुल अफ थट'बाट आएकाहरूको समायोजन हुने एकीकृत ढाँचा तयार गरिएन मनोगत र व्यक्तिपरक विश्लेषणमा नीति दर्शन र कार्ययोजनाको व्याख्या गरियो । अलमल चिर्ने वैचारिक आरन निर्माण भएन ।

व्यक्तिकेन्द्रित नेतृत्व- विगतमा पनि दलहरू पटकपटक एक भए तर एकतालाई अपवाद बाहेक दीर्घकालीनरूपमा टिकाउन सकेनन् । दल एक भए, तर नेतृत्व एक भएनन् । अध्यक्ष, सहअध्यक्ष, महासचिवदेखि केन्द्रीय सदस्य हुँदै विभिन्न तह र तप्काको सन्तुलन मिलाइयो तर सांस्कृतिक अहंकार मिलेन । आफ्नो समूह र गुटको हित हेरियो- समग्र कार्यकर्ता र देशको भावना र चाहना विचार गरिएन । एकै व्यक्तिलाई सर्वेश्वरवादको सिद्धान्तअनुसार आआफ्नो समूहले प्रस्तुत गऱ्यो । यसर्थ, व्यक्तिकेन्द्रित नेतृत्व भयो, सामूहिक नेतृत्वको अभ्यास गौण बन्यो ।

आन्तरिक लोकतन्त्रको अभाव- दलहरूको एकतापछि पनि निर्णय शीर्ष तहमा सीमित रह्यो । कार्यकर्ता र आधार पंक्तिले आफूलाई 'मालिक' होइन, 'आदेश पालक' मात्र ठाने । कार्यकर्ताको भावना एकातिर नेताको निर्देशन र फरमान अर्कोतिर रह्यो । मालिक र आज्ञाकारी सिपाहीको रूपमा मात्र कार्यकर्तालाई सीमित गरियो जब कि लोकतन्त्रमा कार्यकर्ता प्रश्न गर्न, विमति राख्न र आफ्नो स्वतन्त्रता प्रयोग गर्न पाउनुपर्छ त्यसो भएन । आन्तरिक लोकतन्त्र कमजोर भएको दल एकीकृत रहिरहने सम्भवना कम हुन्छ ।

सामाजिक सवालको उपेक्षा- दलित, महिला, मधेसी, जनजाति, युवा, अल्पसंख्यक यी सबैलाई एकतामा संख्याका रूपमा हेरियो, राजनीतिक साझेदारका रूपमा बुझिएन । ६० लाख दलितको विषय आजसम्म राष्ट्रको लाजको विषय बन्न सकेको छैन । दलितको मुद्दा अन्तर्राष्ट्रिय मानवअधिकार घोषणापत्र-१९४८ को विषय बनाउन आज पनि दलहरू चुकेका र हिच्किचएका देखिन्छन् । महिलाको सवाल र मधेसीको विषय अल्पसंख्यक समुदायको अवस्था र जनजातिगत पहिचानको मुद्दामा सबै किसिमका दलको नीतिमा तात्विक भिन्नता देखिएको छैन । यी तमाम विषय पनि पार्टी विघटन हुने आधार हुन् ।

एकता संख्या होइन, संस्कार हो। नयाँ र वैकल्पिक दलहरूको एकता इतिहासको आवश्यकता हो। तर यो कार्य हतारको प्रयोगशालाको परीक्षण बन्नु हुँदैन। एकता टिक्न विचार, लक्ष्य, योजना र संस्कार सबै मिसिनुपर्छ।

नयाँ र वैकल्पिक दलहरूका लागि दिगो एकताका आधार तत्त्वहरू

विश्वास नै एकताको पहिलो आधार र खुड्किला हो, किनकि विश्वासबिना कुनै सम्बन्ध, समूह वा आन्दोलन दिगो बन्न सक्दैन । जब मान्छेले एकअर्काको नियत, प्रतिबद्धता र इमानदारीमा भरोसा गर्छन्, तब मात्र सहकार्य सम्भव हुन्छ । यही भरोसाले डर, शंका र स्वार्थभन्दा माथि उठेर साझा उद्देश्यतर्फ, देशको सर्वाङ्गीण हिततर्फ अघि बढ्न हौसला दिन्छ । त्यसैले एकता अचानक पैदा हुँदैन । यो विश्वासको सानो खुड्किलाबाट सुरु भएर निरन्तर अभ्यास र जिम्मेवारीबाट मजबुत बन्दै जान्छ । अबको एकता पुराना गल्तीको पुनरावृत्ति हुनु हुँदैन । दिगो एकताका कम्तीमा यी आधार अनिवार्य छन् ।

साझा विचार र दर्शन- एकता अघि स्पष्ट उत्तर हुनुपर्छ । राज्य कस्तो बनाउने ? बजार र राज्यको सम्बन्ध के ? समावेशिता कोटा हो कि सत्ता साझेदारी ? यदि न्यूनतम साझा दर्शन तय भएन भने एकता केवल संगठनात्मक छल हो । जनतालाई सत्ता प्राप्तिका लागि देखाउने सपनाको भुलभुलैया हो ।

लक्ष्यको स्पष्टता- पुराना दललाई जसरी पनि विस्थापन गर्ने मात्र लक्ष्य होइन । नयाँ दलको लक्ष्य स्पष्ट र मानक रूपमा यसरी आउनुपर्छ । शासन प्रणाली सुधार कि संरचना परिवर्तन ? प्रतिनिधित्व सुधार कि शक्ति पुनर्वितरण ? लक्ष्य अस्पष्ट भए एकता दिशाहीन हुन्छ । जनताको स्थिर राजनीति र सुशासन देख्ने सपनाको पछिल्लो कडीको बन्ध्याकरण हुनेछ ।

योजना र रोडम्याप- एकता घोषणापत्रमा सीमित होइन, कार्ययोजनामा आधारित हुनुपर्छ : १ वर्ष, ५ वर्ष, १० वर्षको स्पष्ट योजना देखाउनुपर्छ । जुन योजना धरातलीय यथार्थ भौगोलिक अवस्थिति, भूराजनीतिको अवस्था, अन्तर्राष्ट्रिय आर्थिक, कूटनीतिक र सामाजिक स्वरूपको अध्ययन विश्लेषणमा आधारित नेपाली क्षमतामा विश्वासयोग्य हुनुपर्छ । सत्ता बाहिर हुँदा के गर्ने ? सत्ता भित्र हुँदा के नगर्ने ? स्पष्ट रोडम्याप आवश्यक हुन्छ ।

संगठनात्मक न्याय- एकता भनेको ठूलो दलमा सानो मिसिनु', विलय हुनु, आत्मसमर्पण गर्नु पक्कै होइन । जहाँ सबै तह र तप्काले पछि मिसिने र पहिलेदेखि रहेकाबीच आग्रह पूर्वाग्रह पुराना र नयाँ कुनै रेखा र संकेत नराखी नेतृत्व चयनमा प्रतिस्पर्धा, उम्मेदवार छनोटमा मापदण्ड, आन्तरिक असहमतिको सम्मानलाई स्थान दिने वातावरण निर्माण हुनुपर्दछ ।

सामाजिक सञ्जाल- सडक जनआवाजको प्रत्यक्ष अभिव्यक्ति हो । यहाँ जनता आफैं सक्रिय भएर अन्याय, असन्तोष र अपेक्षालाई देखिने रूपमा प्रस्तुत गर्छन् । सञ्जाल (सोसल मिडिया, वैकल्पिक मिडिया) विचार फैलाउने, बहस सिर्जना गर्ने र सचेतना बढाउने माध्यम हो, जसले छोटो समयमै ठूलो जनसमूहलाई जोड्न सक्छ । जनभावना भने यी दुवैको आत्मा हो । जनताले के महसुस गर्छन्, के चाहन्छन् र कसलाई विश्वास गर्छन् भन्ने कुरा नै वैकल्पिक दलको दीर्घकालीन शक्ति हो ।

वैकल्पिक र एकताको भाष्य गाउँ र टोलका आम मानिससम्म पुऱ्याउन सहज भाषा र दैनिक जीवनसँग जोडिएका उदाहरण प्रयोग गर्नुपर्छ । टोलभेला, चौतारी छलफल, किसान-महिला-युवा समूहसँग संवादमार्फत राजनीतिक कुरा नारामा होइन, समस्याको समाधानका रूपमा राख्नुपर्छ । सञ्जाल प्रयोग गर्नेले छोटा भिडियो, स्थानीय बोलीमा सन्देश र स्थानीय मुद्दालाई प्राथमिकता दिनुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, नेताभन्दा बढी कार्यकर्ता र सचेत नागरिकमार्फत विश्वास निर्माण गर्नु हो । किनकि वैकल्पिक दलको शक्ति देखावटी होइन, जनताको मनभित्र बस्न सकेमा मात्र स्थायी हुन्छ ।

पार्टी एकतालाई अक्षुण्ण राख्ने 'रसायन' (केमिकल) के हुन् ?

दर्शन- दर्शन भनेको विचारहरूलाई व्यवस्थित, गहिरो र दीर्घकालीन रूपमा हेर्ने आधार हो । यसले जीवन, समाज, राजनीति वा अस्तित्वलाई बुझ्ने मूल दृष्टिकोण दिन्छ र धेरै विचारलाई एउटै दिशामा मार्गदर्शन गर्छ । राजनीतिक पार्टीको बाइन्डिङ टेप र स्ट्रिच हो, दर्शन । दर्शन सिमेन्ट हो । बिना दर्शन संगठन बालुवाको घर हुन्छ । यसर्थ, नेताकार्यकर्तालाई एकताको सुत्रमा बाँध्ने प्रमुख आधार पार्टीको राजनीतिक दर्शन हो ।

नैतिकता- सत्तामा जाँदा पनि नबिग्रिने नैतिक मापदण्ड एकताको स्थायित्व हो । जब सत्तामा पुग्छन्, तब राजनीतिक दल र नेताहरूको नैतिक विचलन सुरु भएको देखिन्छ । यसलाई रोक्न सडक सदन र सत्ता जता रहे पनि लक्ष्यमा दृढ रहने उच्च नैतिकबल आवश्यक हुन्छ ।

समावेशिता- दलित, महिला, सीमान्तकृतलाई केन्द्रमा राख्दा मात्र एकता ऊर्जाशील हुन्छ । दलितलगायतलाई उपेक्षा गरेर गरिने कुनै पनि योजना सफल बन्न सक्दैन । त्यो एकताको आधार भत्काउने कारण बन्छ । समावेशीकरणको मूल मर्मलाई पार्टी संगठनदेखि सत्ता सञ्चालन गर्दा समेत

अवलम्बन गर्न छोड्नु हुँदैन ।

आन्तरिक लोकतन्त्र- असहमति विस्फोट नहोस् भन्न लोकतान्त्रिक प्रक्रिया आवश्यक छ । निरन्तर र यथासम्भव हरेक निर्णय लोकतान्त्रिक विधिबाट टुंग्याउनु पर्दछ । नेतृत्वको आत्मसंयम- मबिना पार्टी चल्दैन भन्ने अहंकार एकताको सबैभन्दा घातक विष हो । सुरक्षा भल्भको रूपमा राजनीतिमा नेतृत्वको आत्मसंयम र सबैलाई मिलाएर लाने क्षमतालाई लिइन्छ । संकटमा नेतृत्वले आत्मसंयम गुमाउँदा प्राय : दलहरू फुटेका वा तलमाथि परेका छन् ।

निष्कर्ष- एकता संख्या होइन, संस्कार हो । नयाँ र वैकल्पिक दलहरूको एकता इतिहासको आवश्यकता हो । तर यो कार्य हतारको प्रयोगशालाको परीक्षण बन्नु हुँदैन । एकता टिक्न विचार, लक्ष्य, योजना र संस्कार सबै मिसिनुपर्छ । यदि एकता केवल सिट र पदका लागि भयो भने त्यो दल एक भएजस्तो देखिएला, तर भित्रभित्रै विघटनको उल्टो गन्ती सुरु भइसकेको हुन्छ । अबको एकता राजनीतिक अंकगणित होइन, सामाजिक पुनर्संरचनाको परियोजना बन्नुपर्छ । त्यसैले मात्र वैकल्पिक राजनीति विकल्प बन्न सक्छ, नत्र फेरि अर्को विफल प्रयोग सिद्ध हुनेछ ।



## अन्तराष्ट्रिय समाचार

# अलेप्पोलाई नियन्त्रणमा लिएको सिरियाली सेनाको दावी, कुर्द सेनाद्वारा खण्डन

***दमास्कस-*** सिरियाको सेनाले शनिबार अलेप्पोको एक छिमेकमा कुर्द सेनासँग भिडन्त भएको र आत्मसमर्पण गर्ने आह्वानलाई बेवास्ता गरे पनि उसले यस क्षेत्रमा नियन्त्रण गुमाएको बताएको छ । युद्धविरामको क्रममा कुर्द लडाकुहरूलाई फिर्ता हुन समयसीमा सकिएपछि सरकारी सेनाले शेख मकसुद जिल्लामा एकाएक आक्रमण सुरु गरेको थियो ।



अलेप्पोमा एएफपीका संवाददाताहरूले यस क्षेत्रमा गोली चलेको र यो बिहानसम्म जारी रहेको र शहरको अन्तिम जिल्ला अझै पनि कुर्दहरूको हातमा रहेको बताएका छन् । सेनाले शनिबार 'शेख मकसूद र छिमेकको सुरक्षा कारवाही पूर्ण रूपमा पूरा भएको' घोषणा गरेको छ । सेनाले उक्त क्षेत्रमा कुर्द सेनाको निरन्तर उपस्थितिका कारण बासिन्दाहरूलाई उनीहरूको घरमा बस्न आग्रह गरेको छ ।

एसडीएफको कुर्द नेतृत्वको 'सिरियन डेमोक्रेटिक फोर्सेज' लाई सङ्केत गर्दै एक सैन्य स्रोतले यसअघि समाचार संस्था सानासँग भनेको छ, "कारबाहीका क्रममा कैयौँ कुर्द लडाकू पक्राउ गरिएको थियो। कुर्दिस सेनाले शेख मक्सुदको विशाल बहुमतलाई सरकारले नियन्त्रण गरेको दाबी 'गलत र भ्रामक' भएको बताएको छ ।

उनीहरूले 'सरकार समर्थक लडाकूहरू' सँग सडकमा झडपहरू भएको तोपखानाद्वारा गरिएको आक्रमण 'आतंक फैलाउने उद्देश्यले सिरियाली नागरिकको अल्पसङ्ख्यक समुदायप्रतिको आपराधिक घटना' भएको बताए । रक्षा मन्त्रालयले जारी गरेको वक्तव्यमा सिरियाली सेनाले 'सशस्त्र समूह'लाई तत्काल आफू र आफ्ना हतियार आत्मसमर्पण गर्न आग्रह गरेको छ ।

सिरियाको दोस्रो ठूलो शहरमा कुर्दहरूको वास्तविक स्वायत्त प्रशासन र सेनालाई देशको नयाँ सरकारमा एकीकृत गर्ने प्रयास रोकिएपछि हिंसा भड्किएको थियो । मङ्गलबारदेखि सुरु भएको लडाइँमा दुवै पक्षतर्फ कम्तिमा २१ जनाको मृत्यु भएको छ र दशौँ हजार अलेप्पोबाट भागेका छन् । सिरियाको नयाँ इस्लामिक अधिकारीहरूले सत्ता हातमा लिएपछिको सबैभन्दा तीव्र झडपले सन् २०२४ डिसेम्बरमा लामो समयदेखि शासक बशर अल-असदलाई अपदस्थ गरेपछि देश पुनः एकताको लागि संघर्ष गरिरहेको बेला अर्को चुनौती थपेको छ ।

दुवै पक्षले अलेप्पोमा हिंसा सुरु गर्नुमा एक अर्कालाई दोष दिएका छन् । सिरियाली अधिकारीहरूले शुक्रबार बिहान कुर्द लडाकुहरूलाई अलेप्पो छोड्न अनुमति दिने घोषणा गरे, तर उनीहरूले अस्वीकार गरेका छन् । जवाफमा, सिरियाको सेनाले शेख मकसूदमा सैन्य लक्ष्यहरूमा फेरि आक्रमण गर्ने चेतावनी दिएको छ र सुरक्षा बलले जिल्ला कब्जा गर्नुअघि नागरिकलाई बाहिर निस्कन आग्रह गरेको छ ।

एएफपीका एक संवाददाताले त्यहाँका बासिन्दाहरू सामान लिएर भागेको देखिएको जनाएका छन् । -'उग्र' प्रतिरोध - कुर्द सेनाले सरकारले तोपखाना र ड्रोन आक्रमणको प्रयोग गरी आक्रमण गरेपछि सामाजिक सञ्जालमा 'उग्र र निरन्तर विरोधको क्रम' बढेको दाबी गरेको छ । कुर्द लडाकुहरूले तीन सैनिकको हत्या गरेको सेनाले बताएको छ भने सरकारी टेलिभिजनले उनीहरूलाई अलेप्पोको आवासीय क्षेत्रमा ड्रोन प्रहार गरिएको बताएको छ । अलेप्पो विमानस्थलमा स्थगित उडान सेवा शनिबार अबेरसम्मका लागि लम्ब्याइएको छ । एसडीएफले सिरियाको तेलको धनी क्षेत्र उत्तर र उत्तरपूर्वमा नियन्त्रण गरेको छ र सन् २०१९ मा इस्लामिक स्टेट समूहको पराजयमा यसले महत्वपूर्ण भूमिका खेलेको थियो । तर छिमेकी सिरियाका नयाँ नेताहरूको नजिकको सहयोगी टर्कीले यसको मुख्य घटकलाई गत वर्ष अंकाराविरुद्धको चार दशकको सशस्त्र संघर्ष अन्त्य गर्न सहमति जनाएका कुर्दिस्तान वर्कर्स पार्टी (पीकेके) को विस्तारको रूपमा हेर्छ । टर्कीले कुर्द सेनालाई सीमाबाट धकेल्न लगातार आक्रमण सुरु गरेको छ । सिरियाको उत्तरपूर्वमा कुर्द प्रशासनका एक वरिष्ठ अधिकारी एल्हाम अहमदले सिरियाली अधिकारीहरूले कुर्द जिल्लाहरूमा आक्रमण गरेर 'युद्धको बाटो रोजेको' र 'यस पहिले भएका सम्झौताहरू अन्त्य गर्न खोजेको' आरोप लगाए । "हामी सम्झौताहरूप्रति प्रतिबद्ध छौँ र हामी तिनीहरूलाई कार्यान्वयन गर्न खोजिरहेका छौँ," उनले भने ।

## प्रादेशिक............

अस्पतालको अवधारणा प्रदेश सरकारको बैठकबाट पारित भइसकेको जानकारी दिँदै तीमध्ये पोखरिया अस्पताल पनि समावेश भएकाले यसको विकासका लागि प्रदेश सरकारबाट निरन्तर सहयोग हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै पोखरिया क्षेत्रको समग्र विकासका लागि प्रस्तावित टाउन हल र स्टेडियम निर्माणका लागि विनियोजित बजेटलाई बहुवर्षीय योजनामा राखी सम्पन्न गरिने पनि घोषणा गर्नुभयो ।

कार्यक्रममा बोल्दै मधेश प्रदेशका स्वास्थ्य मन्त्री जंगीलाल यादवले अब प्रदेशिक अस्पताल पोखरियालाई आधुनिक प्रविधिमैत्री मोडल अस्पतालको रूपमा विकास गरिने बताउनुभयो । बाहिरका निजी अस्पतालसरह सस्तो, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदेशिक अस्पताल पोखरियाबाट प्रदान गरिने उहाँको प्रतिबद्धता थियो । उहाँले यस अस्पताललाई नमुना अस्पताल बनाउने दिशामा मन्त्रालयले सक्दो सहयोग गर्ने स्पष्ट पार्नुभयो ।

उद्घाटन कार्यक्रम अस्पताल विकास समितिका अध्यक्ष उमेश चौहानको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा पूर्व मन्त्री सुरेन्द्र प्रसाद चौधरी, मधेश प्रदेशका कृषि मन्त्री श्याम प्रसाद पटेल, वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरी, पूर्व कृषि मन्त्री एवं प्रदेश सांसद जनार्दन क्षेत्री, पूर्व खेलकुद मन्त्री प्रमोद जयसवाल, मधेश प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव प्रमोद यादव, स्वास्थ्य कार्यालय पर्साका प्रमुख विनोद झा, पोखरिया नगरप्रमुख प्रद्युम्न चौहान, पूर्व नगरप्रमुख दिपनारायण रौनियार, पूर्व उपप्रमुख सलमा खातुन, नेता नजामुदिन समानी, राजु साह, पनालाल पटेल तथा प्रदेशिक अस्पताल पोखरियाका मेडिकल सुपरिटेन्डेन्ट आनन्द रौनियारलगायतले मन्तव्य राख्दै अस्पताल तथा क्षेत्रीय विकासका समस्या र सम्भावनाबारे धारणा व्यक्त गरेका थिए । वक्ताहरूले प्रदेशिक अस्पताल पोखरियाको उत्तरोत्तर प्रगतिको कामना गर्दै यसले क्षेत्रका नागरिकको स्वास्थ्य सेवामा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन स्वास्थ्य सह-संयोजक शिव पटेलले गर्नुभएको थियो ।


**जनहितमा जारी सन्देश**

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

**सुवर्ण गाउँपालिका**
कवहीगोठ, बारा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्वन्धी
**नेपाल आयल निगम लि.** को

**अति आवश्यक जानकारी**

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :**




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने वस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**
**प्रादेशिक कार्यालय अमलेखगञ्ज बारा**

**जनहितको लागी जारी गरिएको सन्देश**

- जन्म, मुत्यु, बसाईसराई जस्ता ब्यक्तिगत घटना वडा कार्यालयमा समयमै दर्ता गराऔं
- बालविवाह, बालश्रम, महिला हिंसा जस्ता विभेदजन्य गतिविधि आजैदेखी अन्त्य गरौं
- भौतिक संरचना निर्माण गर्दा नक्सा पास गरी सुरक्षित संरचना बनाऔं
- बालबालिकालाई सक्षम र शिक्षित बनाउन नियमित विद्यालय पठाऔं
- जथाभावि फोहोर नफालौं । आफ्नो ठाउँ, टोल र समुदायको सरसफाईमा ध्यान दिऔं
- निर्माण सामाग्री, पशु चौपाय तथा घरायसी प्रयोजनका बस्तुहरु जथाभावी सडकमा नफालौ

**सिम्रौनगढ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिम्रौनगढ, बारा**

**जनहितमा जारी सन्देश**

- लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार
- लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।

स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

**आदर्श कोतवाल गाउँपालिका**
महेन्द्र आदर्श, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

## फेटा गाउँपालिकामा निःशुल्क स्वास्थ्य शिविर , एक हजार चार १० जना सेवाग्राही लाभान्वित

*बारा, २६ पौष*




फेटा गाउँपालिकाका अध्यक्ष रुस्तम अंसारीको पहलमा शनिबार फेटा गाउँपालिकामा एकदिने निःशुल्क स्वास्थ्य शिविर सफलतापूर्वक सम्पन्न भएको छ। शिविरबाट कुल एक चार १० जना सेवाग्राहीले प्रत्यक्ष रूपमा स्वास्थ्य सेवा प्राप्त गरेका छन्।

ग्रामीण क्षेत्रका सर्वसाधारण नागरिक, विशेषगरी आर्थिक रूपमा कमजोर, विपन्न तथा स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरिकलाई लक्षित गरी उक्त स्वास्थ्य शिविर सञ्चालन गरिएको हो। गाउँपालिकाको आयोजना तथा दक्ष स्वास्थ्यकर्मीहरूको टोलीको सहभागितामा शिविरमा विभिन्न प्रकारका स्वास्थ्य सेवाहरू प्रदान गरिएको थियो । शिविरमा सामान्य स्वास्थ्य परीक्षण, रक्तचाप र मधुमेह जाँच, महिला तथा बालबालिकाको स्वास्थ्य परीक्षण, रोग परामर्श, निःशुल्क औषधि वितरण लगायतका सेवाहरू उपलब्ध गराइएको थियो । स्थानीय बासिन्दाहरूले घर नजिकै निःशुल्क रूपमा गुणस्तरीय स्वास्थ्य सेवा पाउन पाउँदा सन्तुष्टि व्यक्त गरेका छन् । स्वास्थ्य शिविरको अवसरमा गाउँपालिका अध्यक्ष रुस्तम अंसारीले ग्रामीण क्षेत्रका नागरिकहरूको स्वास्थ्य अवस्था सुधार गर्न गाउँपालिका प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले स्वास्थ्य नागरिक नै समृद्ध समाजको आधार भएको उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता जनहितकारी कार्यक्रमहरूलाई निरन्तरता दिइने प्रतिबद्धता जनाउनुभयो। कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउने स्वास्थ्यकर्मी, स्वयंसेवक, जनप्रतिनिधि तथा सम्बन्धित सबै निकायप्रति फेटा गाउँपालिकाले धन्यवाद ज्ञापन गरेको छ । स्थानीय स्तरमै यस्ता स्वास्थ्य शिविर सञ्चालन हुँदा नागरिकको स्वास्थ्य प्रतिको सचेतना समेत बढ्ने विश्वास लिइएको छ।

## गौर स्थित प्रादेशिक अस्पतालमा सुधारका सकारात्मक संकेत

*मेवालाल यादव*
*रौतहट, २६ पौष*



रौतहट जिल्लाको सदरमुकाम गौरमा रहेको प्रादेशिक अस्पतालमा सुधारका प्रारम्भिक चरणहरू सकारात्मक रूपमा देखिन थालेका छन्। जिल्लाको सदर अस्पतालको रूपमा रहेको उक्त प्रादेशिक अस्पतालको व्यवस्थापन समितिको अध्यक्षको जिम्मेवारी सम्हालेपछि अबधेश यादवको सक्रिय पहलका कारण सुधारका पक्षहरू देखिएको हो।

अध्यक्ष यादवको नेतृत्वमा सरसफाइ, आन्तरिक व्यवस्थापन तथा कार्यसम्पादन अघिल्लो अवस्थाको तुलनामा उल्लेख्य रूपमा सुधारिएको देखिएको छ । अस्पतालमा कार्यरत कर्मचारीहरूसँगको राम्रो सहकार्य र समन्वयका कारण सेवा प्रवाहमा क्रमशः सुधार हुँदै गएको सरोकारवालाहरूले बताएका छन् ।

सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्दै अध्यक्ष यादवले उपचारका लागि आवश्यक औषधि तथा सामग्रीको व्यवस्थापन चुस्त-दुरुस्त बनाइने, कर्मचारीहरूसँग नियमित छलफल तथा अन्तरक्रिया गरिने र आपूर्ति तथा व्यवस्थापनका विषयमा जिम्मेवार स्वास्थ्यकर्मी तथा चिकित्सकहरूसँग समन्वय बढाइने जानकारी दिनुभएको छ।

यसैगरी, सेवाग्राहीले समयमै उपचार पाउने वातावरण सिर्जना गर्ने, नियमित सरसफाइ कायम राखी स्वच्छ अस्पताल वातावरण बनाउने, बिरामीको स्वास्थ्यप्रति गम्भीर र जिम्मेवार हुन चिकित्सक तथा स्वास्थ्यकर्मीलाई प्रेरित गर्ने तथा नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने औषधिको आपूर्ति समयमै सुनिश्चित गर्ने विषयमा पनि ध्यान दिनुपर्ने सुझाव दिइएको छ।

अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका युवा अध्यक्ष यादवले अस्पताल मानव स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने संवेदनशील संस्था भएकाले सबै पक्षसँग राय, सल्लाह र सुझाव लिएर थप सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

## बीओपी औरैयाद्वारा अवैध सामान बरामद, १० लाख ५४ हजार बराबरको सामग्री नियन्त्रणमा

*मेवालाल यादव*
*रौतहट, २६ पौष*




रौतहट जिल्लाको सीमा क्षेत्र अन्तर्गत बीओपी औरैयामा कार्यरत सशस्त्र प्रहरी बलले विभिन्न चरणमा अवैध सामान बरामद गर्दै सीमा सुरक्षालाई प्रभावकारी बनाएको छ । बीओपी औरैयामा सशस्त्र प्रहरी निरीक्षक मान बहादुर श्रेष्ठ मिति २०८२ साल कार्तिक १ गते हाजिर भएपश्चात अवैध तस्करी नियन्त्रणमा उल्लेखनीय सफलता प्राप्त भएको सशस्त्र प्रहरी बलले जनाएको छ।

प्राप्त विवरणअनुसार कार्तिक महिनामा मोटरसाइकल, कपडा, सुर्ती तथा मदिरासहित रु. २ लाख ८८ हजार बराबरको अवैध सामान बरामद गरिएको थियो । त्यसैगरी मंसिर महिनामा मोटरसाइकल र मोबाइल पार्ट्ससहित रु. ३ लाख २० हजार ३०० बराबरको सामग्री नियन्त्रणमा लिइएको छ । यस्तै, पौष महिनामा मोटरसाइकल, मदिरा, कपडा तथा सिरिन्जसहित रु. ४ लाख ४६ हजार बराबरको अवैध सामान बरामद गरिएको सशस्त्र प्रहरी बलले जनाएको छ । यसरी हालसम्म बीओपी औरैयाद्वारा कुल रु. १० लाख ५४ हजार ३०० बराबरको अवैध सामग्री नियन्त्रणमा लिइएको छ।

सीमा क्षेत्रमा हुने तस्करी, अवैध ओसारपसार तथा गैरकानुनी गतिविधि नियन्त्रणका लागि निगरानी अझ कडा बनाइएको सशस्त्र प्रहरी बलले जानकारी दिएको छ । साथै, सीमा सुरक्षालाई थप मजबुत बनाउँदै यस्ता अवैध गतिविधि विरुद्ध निरन्तर अभियान सञ्चालन गरिने पनि जनाइएको छ। स्थानीय बासिन्दाहरूले सशस्त्र प्रहरी बलको सक्रियताले सीमा क्षेत्रमा शान्ति सुरक्षा र कानुनी शासन कायम गर्न सहयोग पुगेको प्रतिक्रिया दिएका छन्।

## माधवनारायण-६ माधोपुरमा १७० जना विपन्न नागरिकलाई न्यानो ब्ल्यांकेट सहयोग

*रुपेश यादव*
*रौतहट, २६ पौष*



रौतहट जिल्लाको माधवनारायण नगरपालिका वडा नं. ६ माधोपुरमा जाडो मौसमको प्रभावबाट पीडित दलित, गरिब, विपन्न, भूमिहीन तथा सुकुम्बासी समुदायलाई लक्षित गर्दै न्यानो ब्ल्यांकेट वितरण कार्यक्रम सम्पन्न भएको छ।

सामाजिक उत्तरदायित्व र मानवीय सेवाको उद्देश्यसहित आयोजना गरिएको उक्त कार्यक्रममा कुल १७० जना विपन्न नागरिक लाभान्वित भएका छन्। स्थानीय स्तरमा पहिचान गरिएका ९० जना दलित तथा विपन्न परिवारका सदस्यहरूलाई ब्ल्यांकेट वितरण गरिएको थियो भने कार्यक्रमकी विशेष सहयोगी नम्रता शर्माको सहयोगमा थप ८० थान ब्ल्यांकेट उपलब्ध गराइँदा जम्मा १७० जनालाई न्यानो सहयोग प्रदान गरिएको हो।

आयोजकका अनुसार काठमाडौंबाट ल्याइएका ब्ल्यांकेटहरू वितरण गरी कार्यक्रम सम्पन्न गरिएको हो । कार्यक्रम लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ "के" अन्तर्गत आयोजना गरिएको थियो ।

कार्यक्रममा डिष्ट्रिक्ट चिफ एडभाइजर लायन हसन कुमार गोपाली, डिष्ट्रिक्ट एडमिनिस्ट्रेटर महा प्रसाद पाण्डे तथा कार्यक्रमकी आयोजक, आवद्ध क्लबकी संस्थापक अध्यक्ष एवं डिष्ट्रिक्ट सिनियर एडभाइजर लायन सुनिता मर्हट्ठा शर्माको विशेष उपस्थिति रहेको थियो ।

त्यसैगरी कार्यक्रममा डिष्ट्रिक्ट चेयरपर्सन अनिता थापा, प्रथम उपाध्यक्ष कृष्णामुलेपति बजिमयो, सेक्रेटरी सबिता श्रेष्ठ, कोषाध्यक्ष रोशनी मुल्मी तथा लायन्स क्लब अफ आयुधकी संस्थापक अध्यक्ष गीता बस्नेतलगायतका पदाधिकारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रम सफल बनाउन लायन्स क्लब अफ काठमाडौं गंगाबु, काठमाडौं मनमैजु, मेट्रो सिटी, नयाँबजार, जागृति, हाम्रो संगम, कोशेली, काठमाडौं रोजमेरी, काठमाडौं आबद्ध तथा लायन्स क्लब अफ आयुधको सक्रिय सहकार्य रहेको आयोजकले जनाएको छ ।

विशेषगरी ८० थान ब्ल्यांकेट सहयोग उपलब्ध गराएकी नम्रता शर्मा कार्यक्रमकी प्रमुख सहयोगी रहनु भएको थियो। साथै सझदारी समुदाय दलित विकास केन्द्र नेपालका अध्यक्ष सुबा साहेब कुमार हजारीले कार्यक्रम समन्वयमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि माधवनारायण नगरपालिकाका नगर प्रमुख बैजनाथ प्रसाद यादवले विपन्न समुदायका लागि यस्ता सहयोग कार्यक्रम अत्यन्तै आवश्यक रहेको बताउँदै सामाजिक संस्थाहरूको योगदानले स्थानीय सरकारको प्रयासलाई थप मजबुत बनाएको उल्लेख गर्नु भयो ।

विशिष्ट अतिथिहरूमा वडा नं. ६ का वडा अध्यक्ष रामनरेस राय यादव, नेकपा क्षेत्र नं. १ का अध्यक्ष जयमंगल यादव, नेकपा एमाले नगर अध्यक्ष उपेन्द्र साह, वडा अध्यक्ष प्रत्याशी किशोरी महतो, दलित अगुवा नेता रामसेवक पासवान, माधोपुर युवा कमिटी अध्यक्ष मुकेश यादव, दिनेश चौधरी, सन्तोष राम, वडा सदस्य फेकु महतो, दलित अभियन्ता धर्मदेव पासवानलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागी वक्ताहरूले जाडोयाममा गरिब तथा विपन्न नागरिकलाई न्यानो कपडा उपलब्ध गराउनु मानवतापूर्ण कार्य भएको उल्लेख गर्दै यस्ता सामाजिक सेवा कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरे ।

स्थानीय समुदाय, सामाजिक संस्था तथा विभिन्न लायन्स क्लबहरूको संयुक्त सहकार्यमा सम्पन्न उक्त ब्ल्यांकेट वितरण कार्यक्रमले माधवनारायण नगरपालिका-६ माधोपुर क्षेत्रमा सामाजिक सद्भाव, आपसी सहयोग र मानविय सेवाको सशक्त सन्देश प्रवाह गरेको छ ।

## प्रादेशिक अस्पताल पोखरियाको उद्घाटन, मुख्यमन्त्री यादवद्वारा पूर्ण सहयोगको प्रतिबद्धता

*राजन कुमार बानिया*
*पर्सा, २६ पौष*



पर्सा जिल्लाको दोस्रो सदरमुकामका रूपमा परिचित पोखरियामा निर्माण सम्पन्न प्रदेशिक अस्पताल पोखरियाको शनिबार एक विशेष समारोहका बीच उद्घाटन गरिएको छ । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा प्रसाद यादव र मधेश प्रदेशका स्वास्थ्य मन्त्री जंगीलाल यादवले संयुक्त रूपमा शिलालेख अनावरण गर्दै अस्पतालको औपचारिक उद्घाटन गर्नु भएको हो।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि मुख्यमन्त्री यादवले प्रदेशिक अस्पताल पोखरियाको विकास र सुदृढीकरणका लागि आफू पूर्ण रूपमा प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले मधेश प्रदेशअन्तर्गतका अस्पतालहरूमा मेडिकल सुपरिटेन्डेन्ट, डाक्टर तथा स्वास्थ्यकर्मीहरूको व्यवस्थापनका लागि सरुवा प्रक्रिया अघि बढाइसकेको जानकारी दिँदै सरुवा भएको स्थानमा नजाने स्वास्थ्यकर्मीमाथि कारबाही गर्न मन्त्रालयका सचिवलाई निर्देशन दिइसकेको स्पष्ट पार्नुभयो।

मुख्यमन्त्री यादवले वीरगञ्ज वरपरका जनताले सहज रूपमा स्वास्थ्य सेवा पाए पनि पश्चिम क्षेत्रका नागरिकलाई महँगो र टाढाको स्वास्थ्य सेवा लिन बाध्य हुनुपरेको अवस्थालाई मध्यनजर गर्दै पोखरियास्थित प्रदेशिक अस्पताललाई सक्षम, प्रभावकारी र जनमैत्री बनाउन विशेष ध्यान दिइने बताउनुभयो। भौतिक पूर्वाधार, दक्ष चिकित्सक, आवश्यक उपकरण र गुणस्तरीय स्वास्थ्य सेवाको व्यवस्था गरी यस क्षेत्रका नागरिकलाई सहज सेवा उपलब्ध गराउने उहाँको भनाइ थियो।

उहाँले मधेश प्रदेशमा चारवटा प्रदेशिक

*बाँकी तेश्रो पृष्ठमा*

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा**